# ४ महायोग्य हुनुभएको परमेश्वरको थुमा

*<u>यस अध्यायका मूल पदहरू:</u>* प्रकाश ४, इजकिएल १:५-१४, प्रकाश ५, एफिसी १:२०-२३, हिब्रू १०:१२ र प्रेरित २:३२-३६।

*<u>यस अध्यायको मूल सार पद:</u>* **"तब धर्म-गुरुहरूमध्ये एक जनाले मलाई भने, " (हे यूहन्ना) नरोऊ! हेर, यहूदाका कुलको सिंह, दाऊदको मूल यो मुट्ठो र यी सात वटा मोहोरहरू खोल्न विजयी हुनुभएको छ।" (प्रकाश ५:५)।**

यस संसारमा भएका येशूका विश्वासीहरूको निम्ति दिनुभएको उहाँको सन्देश गत हप्तामा हामीले हेऱ्यौं। त्यो सन्देश प्रथम् शताब्दीका इसाईहरूलाईमात्र नभएर यस संसारको अन्तसम्म रहने येशूका विश्वासीहरूको निम्ति पनि हो। र केलाएर हेऱ्यौं भने त्यो बर्तमान समयमा रहेका येशूका प्रत्येक भक्त वा इसाईं हुँ भनेर दावी गर्नेहरूको निम्ति पनि दिइएको हो भनेर स्वीकार गर्नुपर्छ। अब यूहन्नाको दर्शनले यस पृथ्वीबाट स्वर्गतिर दृष्टिगत गराउँछ। "यस पछि के हुने हो सो देखाउन" (प्रकाश ४:१ रूपान्तरित) अर्थात भविष्यमा हुने विभिन्न घट्नाहरूलाई मध्यनजर राखेर येशूले यूहन्नालाई दर्शनद्वारा प्रकट गर्नुभएको थियो।

प्रकाश ४ र ५ अध्यायमा लेखिएको दर्शनको विवरणमा यूहन्नालाई स्वर्गमा परमेश्वर बिराजमान हुनुभएको सिंहासनको दृश्य देखाइएको थियो। विश्‌वको इतिहास र मुक्तिको योजनाको प्रतीक वा सङ्केतहरूद्वारा परमेश्वरको नियन्त्रणमा छन् भनेर ती अध्यायहरूमा लेखिएका छन्। यद्यपि भविष्यका पर्दाहरू उघारिनुभन्दा पहिले स्वर्गमा येशूको मूल पुरोहितको काम नै केन्द्रविन्दुभएको यूहन्नालाई देखाइएको थियो। पृथ्वीमा हुने सम्पूर्ण क्रियाकलापको प्रभुत्व र मानव जातिको मुक्तिको निम्ति गरिने उहाँको उद्धारीय काम येशूमै निहित भएको यूहन्नालाई देखाइएको थियो। प्रकाशको पुस्तकको अध्याय ४-५पछिका  सबै अध्यायहरूमा वर्णन गरिएका भविष्यमा हुने वृतान्तहरूको अर्थ परमेश्वरको दृष्टिकोणबाट लेखिएका थिए।

सातवटा चर्चहरूलाई लक्षित गरेर लेखिएका पत्रहरूका लवजहरू सिधा, सरल र स्पष्ट छन्। तर त्यसपछिका भाषाहरूमा धेरै प्रतीक वा सङ्केतहरूद्वारा सन्देशहरू दिइएका छन् जुन सितिमिति बुझ्न सकिंदैन। पुरानो

करारमा परमेश्वरका जनहरूको इतिहासबाट भाषाहरू निकालेर प्रयोग गरिएका थिए। त्यसकारण प्रकाशको पुस्तकलाई बुझ्नको निम्ति पुरानो करारमा लेखिएका साङ्केतिक वा प्रतीकका भाषाहरू उचित रूपमा बुझ्नु जरुरी छ।

## १. स्वर्गमा रहेको परमेश्वरको सिंहासन कक्षको दृश्य

प्रकाश ४:१को सुरुदेखि लेखिएको दर्शनहरूमा येशूले यूहन्नालाई स्वर्गमा आउन निमन्त्रणा गर्नुहुन्छ। त्यहाँ यूहन्नाको समयदेखि येशूको दोस्रो आगमनसम्म हुने इतिहासको समिक्षा वा विभिन्न घट्नाहरूको ठूलो दृश्य वा अत्यन्त फराकिलो पाराले उनलाई देखाइएको थियो।

**प्रकाश ४:१-८ र अरू केही पदहरूमा स्वर्गको सिंहासनको कक्षको वर्णन पाइन्छ। परमेश्वर रहनुहुने उहाँको राजगद्दीको कक्ष कस्तो छ भनेर देहायका पदहरूले वर्णन गरेबाट हामीले के सिक्नसक्छौं? हेर्नुहोस्, प्रकाश ४:१-८ "१ यसपछि मैले हेरें, र स्वर्गमा एउटा ढोका देखें, जो खुला थियो। मैले पहिले सुनेको सोर तुरहीको जस्तो आवाजमा मसँग यसरी बोलिरहेको थियो– "यतामाथि आऊ, र अब यसपछि जुन कुराहरू हुनुपर्छ सो म तिमीलाई देखाउनेछु।" २ म तुरुन्तै आत्मामा भएँ। हेर, स्वर्गमा एउटा सिंहासन थियो, र एक जना त्यस सिंहासनमा विराजमान हुनुहुन्थ्यो। ३ त्यहाँ विराजमान हुनुहुनेको मुहार बिल्लौर र लालमणिजस्तै देखिन्थ्यो, र सिंहासनको वरिपरि पन्नाजस्तो इन्द्रेनी थियो। ४ त्यस सिंहासनको वरिपरि चौबीस सिंहासनहरू थिए, र शिरमा सुनका मुकुटहरू र सेता पोशाकहरू पहिरेका चौबीस जना धर्म-गुरुहरू ती सिंहासनमा बसेका मैले देखें। ५ त्यस सिंहासनबाट बिजुलीहरू, आवाजहरू र गर्जनहरू निस्केर आउँथे, र त्यस सिंहासनको सामुन्ने आगोका सात वटा बत्तीहरू बलिरहेका थिए। यी परमेश्वरका सात आत्माहरू हुन्। ६ सिंहासनको अगि स्फटिकतुल्य काँचको समुद्रजस्तो थियो। अगाडि र पछाडि जम्मै आँखै-आँखा भएका चार वटा जीवित प्राणी सिंहासनको वरिपरि र चारैपट्टि थिए। ७ पहिलो प्राणी सिंहजस्तै थियो, दोस्रो प्राणी बहरजस्तै (साँढे), तेस्रो प्राणीको अनुहार मानिसको जस्तै र चौथो प्राणी उड्रिरहेको गरुडजस्तै थियो। ८ ती चारै वटा प्राणीका छ-छ वटा पखेटा थिए र चारैपट्टि र भित्रपट्टि आँखाहरूले भरिएका थिए। दिनरात तिनीहरू नथामिकन यसो भन्दै गाइरहन्छन्, "पवित्र, पवित्र, पवित्र परमप्रभु सर्वशक्तिमान् परमेश्वर, जो हुनुहुन्थ्यो र हुनुहुन्छ र जो आउनुहुनेछ।", इजकिएल १:२५-२८ " २५ आफ्ना पखेटा तल झारेर तिनीहरू टक्क अडिंदा,**

तिनीहरूको शिरको मास्तिर भएको विस्तृत क्षेत्रबाट एउटा सोर निस्क्यो। २६ तिनीहरूका शिरमाथिको विस्तृत क्षेत्रमाथि एउटा सिंहासनजस्तो थियो। हेर्दा त्यो नीरजस्तै (निलो रङ्गको रत्न) देखिन्थ्यो, र सिंहासनमा बस्नेको रूप मानिसको जस्तो थियो। २७ तिनको कम्मरदेखि मास्तिर तिनको अनुहार जल्दो धातुजस्तै भएको मैले देखें– चारैतिर आगोले भरिएको जस्तै। कम्मरदेखि मुन्तिर पनि तिनको अनुहार आगोजस्तै देखियो, र चहकिलो उज्यालोले तिनलाई घेरिराखेको थियो। २८ पानी परेको दिन बादलमा इन्द्रेनीको आकार देखिएझैं तिनका चारैतिरको चमक त्यस्तै उज्ज्वल थियो। परमप्रभुका महिमाको प्रतिरूपको अनुहार यस्तै थियो। जब मैले त्यो देखें तब म घोप्टो परें, र कोही बोलिरहेको सोर मैले सुनें।" र प्रकाश ५:११-१४ "११ तब मैले हेरें, अनि सिंहासन, जीवित प्राणीहरू र धर्म-गुरुहरूका वरिपरि धेरै स्वर्गदूतहरूका आवाज सुनें। तिनीहरूको संख्या लाखौं र करोडौं थियो। १२ तिनीहरू चर्को सोरले यसो भनिरहेका थिए, “मारिएका थुमा सामर्थ्य, वैभव, बुद्धि, शक्ति सम्मान, महिमा, र स्तुति ग्रहण गर्ने योग्यका हुनुहुन्छ।” १३ अनि स्वर्गमा, पृथ्वीमा, पृथ्वीमुनि, समुद्र र त्यहाँ भएको हरेक प्राणीले यसो भनिरहेको मैले सुनें, “सिंहासनमा विराजमान हुनुहुनेलाई र थुमालाई स्तुति, सम्मान, महिमा, र सामर्थ्य सदासर्वदा होस्।” १४ तब ती चारै जीवित प्राणीले भने, “आमेन।” अनि ती धर्म-गुरुहरूले घोप्टो परेर दण्डवत् गरे।"

स्वर्गमा रहेको पवित्र मन्दिरको प्रवेशद्वार यूहन्नाको निम्ति खोलिएको थियो। त्यहाँभित्र उनलाई परमेश्वरको सिंहासन देखाइएको थियो। सिंहासनको अर्थ उहाँको सृष्टिमाथि उहाँको प्रभुत्व र सार्वभौमसत्ता हो। सिंहासनवरिपरि भएको इन्द्रेणीले परमेश्वर आफ्नो वचन वा प्रतिज्ञाहरूमा कतिबद्ध हुनुहुन्छ भनेर देखाउँछ (उत्पत्ति ९:१३-१६, यशैया ५४:९,१०)। तर यस पृथ्वीको अधिकार परमेश्वरबाट आफ्नो अधिकारमा खोस्ने शैतानले परमेश्वरको प्रतिद्वन्द्वी र परमशत्रु भएर परमेश्वरको अधिकारलाई चुनौति दिएको थियो। परमेश्वर र शैतानको बीचमा भइरहेको महान् वैचारिक द्वन्द वा युद्धमा यस जगतमा शासन गर्ने अधिकार कसको छ भन्ने विषयमा केन्द्रित भएको छ। स्वर्गमा भएको स्वर्गको परिषदले सारा जगतमा शासन गर्ने अधिकार सनातन परमेश्वरकोमात्र भएको यूहन्नाले देखेका थिए (प्रकाश ४:१-८, प्रकाश ५:११-१४)।

परमेश्वरको आराधना, स्तुति प्रशंसा सही रूपमा कसरी गर्ने भनेर देहायका पदहरूबाट हामी कसरी सिक्न सक्छौं? प्रकाश ४ अध्यायमा परमप्रभु परमेश्वर किन आराधनाको योग्य हुनुहुन्छ र प्रकाश ५मा उहाँको थुमा अर्थात् येशू किन योग्यको हुनुहुन्छ? फेरि हेर्नुहोस्, प्रकाश ४:८-११ " ८ ती चारै वटा प्राणीका छ-छ वटा पखेटा थिए र चारैपट्टि र भित्रपट्टि आँखाहरूले भरिएका थिए। दिनरात तिनीहरू नथामिकन यसो भन्दै गाइरहन्छन्, "पवित्र, पवित्र, पवित्र परमप्रभु सर्वशक्तिमान् परमेश्वर, जो हुनुहुन्थ्यो र हुनुहुन्छ र जो आउनुहुनेछ।" ९ जब-जब ती जीवित प्राणीहरूले सिंहासनमा विराजमान हुनुहुने र जो सदासर्वदा जीवित रहनुहुन्छ, उहाँलाई महिमा, आदर, धन्यवाद चढ़ाउँछन्, १० तब ती चौबीस जना धर्म-गुरुहरू सिंहासनमा विराजमान हुनुहुनेको सामुन्ने घोप्टो पर्दछन्, र सदासर्वदा जीवित रहनुहुनेलाई दण्डवत् गर्दछन्, र तिनीहरूका आफ्ना-आफ्ना मुकुट सिंहासनको सामुन्ने राखेर यसरी गाउँछन्: ११ "हे हाम्रा प्रभु र परमेश्वर, तपाईं महिमा, आदर, र शक्ति ग्रहण गर्ने योग्यको हुनुहुन्छ, किनभने सबै कुरा तपाईंले नै सृष्टि गर्नुभएको हो, र तपाईंकै इच्छाबमोजिम ती अस्तित्वमा आए, र तिनको सृष्टि भयो।" र प्रकाश ५:९-१४ " ९ तिनीहरूले यसो भन्दै एउटा नयाँ गीत गाए: "तपाईं यो चर्मपत्रको मुट्ठो लिने र त्यसका मोहोरहरू तोड्ने योग्यका हुनुहुन्छ, तपाईं मारिनुभयो र आफ्नो रगतद्वारा तपाईंले परमेश्वरको निम्ति हरेक कुल, भाषा, मानिस र जातिबाट मानिसहरूलाई छुटकारा दिनुभयो, १० र तिनीहरूलाई राज्य र हाम्रा परमेश्वरका पूजाहारी बनाउनुभएको छ, र तिनीहरूले पृथ्वीमा राज्य गर्नेछन्।" ११ तब मैले हेरें, अनि सिंहासन, जीवित प्राणीहरू र धर्म-गुरुहरूका वरिपरि धेरै स्वर्गदूतहरूका आवाज सुनें। तिनीहरूको संख्या लाखौं र करोडौं थियो। १२ तिनीहरू चर्को सोरले यसो भनिरहेका थिए, "मारिएका थुमा सामर्थ्य, वैभव, बुद्धि, शक्ति सम्मान, महिमा, र स्तुति ग्रहण गर्ने योग्यका हुनुहुन्छ।" १३ अनि स्वर्गमा, पृथ्वीमा, पृथ्वीमुनि, समुद्र र त्यहाँ भएको हरेक प्राणीले यसो भनिरहेको मैले सुनें, "सिंहासनमा विराजमान हुनुहुनेलाई र थुमालाई स्तुति, सम्मान, महिमा, र सामर्थ्य सदासर्वदा होस्।" १४ तब ती चारै जीवित प्राणीले भने, "आमेन।" अनि ती धर्म-गुरुहरूले घोप्टो परेर दण्डवत् गरे।

प्रकाश ४मा स्वर्गमा रहेको पवित्र मन्दिरभित्रको सिंहासन कक्षको वयान गरिएको छ। त्यहाँ निरन्तररूपमा परमेश्वरको स्तुति, आराधना र प्रशंसा गरिएको देखाइएको छ। अध्याय ४मा परमेश्वरको सृष्टि गर्ने शक्तिको

प्रशंसा गरिएको छ भने अध्याय ५ले मारिएको थुमाले मानव जगतलाई मुक्ति दिइएको विषयमा उत्सब मनाइएको देखाउँदछ। सृष्टिमा देखाउनुभएको परमेश्वरको महान् क्रियाकलाप र मुक्तिको निम्ति चालिएको कदमलाई कदर गर्दै उहाँको आराधना, स्तुति, प्रशंसा र सराहना कसरी गर्ने भनेर ती दुई अध्यायहरूले देखाउँदछ। जुन परमेश्वरले छ दिन लगाएर यस पृथ्वीको सृष्टि गर्नुभयो त्यही परमेश्वरमा यस पृथ्वीलाई सुरुको अवस्थामा पुनर्स्थापना गर्नुहुने खुबी छ। यही पृथ्वीलाई पुनसंरचना गरेर उहाँका जनहरूको निम्ति अनन्तको घर हुनदिने प्रतिज्ञा उहाँले गर्नुभएको छ।

**सुसमाचारले हामीलाई के सिकाउँछ सो सोच्नुहोस्: हामीलाई मात्र होइन सारा ब्रम्हाण्ड वा जगतलाई सृष्टि गर्नुहुने प्रभु हामीहरूको निम्ति मारिएको थुमा हुनुभयो (प्रकाश ५:१२)। आतङ्कले भरिएको, दु:खकष्ट पीडाले पिरोलिरहेको, निराश र अर्थहीन जीवनमा बगिरहेको मानिसहरूको निम्ति सुसमाचारले कस्तो आशा पल्हाइदिन सक्छ?**

## २. स्वर्गको सिंहासनको बैठकमा स्वर्गका जीवहरूको सभा

प्रकाश ४:४मा वर्णन गरिएका एल्डरहरू स्वर्गदूतहरू होइनन् भनेर त्यहाँ लेखिएका बयानहरूले बताउँछ (नेपाली अनुवादमा धर्मगुरुहरू भनेर सम्बोधन गरिएको छ। धर्मगुरुलाई पनि आत्मिक जगतमा एल्डर, अगुवा वा नाइके भनेर कहलाइएको उचितै देखिन्छ-अनुवादकको भनाई)। "एल्डर" वा "धर्मगुरु" भनेर केवल मानव जीवलाई मात्र प्रयोग गरिएको बाइबलमा पाइन्छ। स्वर्गदूतहरू परमेश्वरको सम्मुख उभिरहन्छन् भने त्यसको विपरीत ती एल्डरहरू सिंहासनमा बसिरहेका यूहन्नाले देख्दछन्। तिनीहरूले सेतो वस्त्र लगाएका हुन्छन्। त्यसको अर्थ परमेश्वरका विश्वासिला र भरपर्दो जनहरूले लगाउने वस्त्र भनेर बुझिन्छ (प्रकाश ३:४,५)। तिनीहरूले विजयी श्रीपेचहरू लगाउँछन् । यो श्रीपेच भन्ने शब्द ग्रीक भाषाको स्टेफानोस stephanos बाट आएको हो (प्रकाश ४:४)। ती श्रीपेचहरू सबै थोकबाट विजयी सन्तहरूको निम्ति विशेष गरेर थन्काइ राखिएका हुन्छन्। ती सबै वर्णनहरूले २४ जना धर्मगुरु वा एल्डरहरू भनेका यश र महिमाले सिङ्गारिएका सन्तहरू हुन्।

२४ संख्या वास्तविक नभएर साङ्केतिक वा प्रतीक हो: यसमा दुई १२को जोडी छ। बाइबलमा यो परमेश्वरका जनहरूको प्रतीक हो। २४ जना धर्मगुरु वा एल्डरले परमेश्वरका जनहरूको पूर्णतालाई जनाउन सक्छ।

दुवै पुरानो र नयाँ करारका परमेश्वरका जनहरूलाई जनाउन २४ गिन्ति वा दुई दर्जन भनेको अर्थ पूर्ण संख्यालाई सम्बोधन गरेको देखिन्छ। १ इतिहास २४:१-१९मा पौराणिक इस्राएलमा रहेको मन्दिरको सेवाकार्य गर्ने पुजारीहरूको बारेमा उल्लेख गरिएको छ। त्यहाँ पुजारीहरूलाई २४ समूहमा विभाजन गरिएको थियो। ती २४ समूहबाट मुख्य २४ जना पुजारीहरू छुटयाइएको थियो। त्यसकारण २४ भन्नाले ती २४ मुख्य पुरोहितहरूलाई पनि प्रतिबिम्ब गर्दछ।

पुरानो करारमा २४ धर्मगुरु वा एल्डरहरू भनेर कहिल्यै पनि उल्लेख नगरिएको कारणले परमेश्वरको सिंहासनमा हुने तिनीहरू नयाँ समूह हुन् भन्ने आभास् पनि दिन्छ। जब येशू ख्रीष्टलाई क्रुसमा टाँगियो र त्यसबेला उहाँको मृत्यु भयो तब कतिपय मरेकाहरूको पुनरुत्थान भयो भनेर लेखिएको छ (मत्ती २७:५१-५३ "५१ त्यसै घड़ी मन्दिरको पर्दा टुप्पादेखि फेदसम्म दुई भाग भएर च्यातियो, र जमीन काँप्न लाग्यो, र चट्टानहरू फुटे। ५२ चिहानहरू उघारिए, र सुतिगएका धेरै सन्तहरूका मृत शरीर जीवित भई उठे, ५३ र तिनीहरू चिहानहरूबाट निस्के, र मृतकबाट येशूको पुनरुत्थान भएपछि तिनीहरू पवित्र सहरमा प्रवेश गरे र धेरैकहाँ देखा परे")। त्यसकारण ती २४ धर्मगुरु वा एल्डरहरू भनेको येशूको मृत्युमा बिउँतिएका सन्तहरू हुन सक्छन्।

यदि उक्त कुरो सत्य हो भने ती २४ एल्डर वा धर्मगुरूहरू जो स्वर्गमा येशूसँगै गए तिनीहरूले स्वर्गमा मानिस जातिको प्रतिनिधित्व गरेको हुनसक्छ। परमेश्वरको मुक्तिको योजनामा उहाँका कामहरू उचित भएको तिनीहरूले महसुस गरेर उहाँको निम्ति गवाही बनेर सिंहासनमा बसिरहेका हुनसक्छन्। प्रकाश ५:९ र ८ अनुसार ती एल्डर वा धर्मगुरुहरू चार अरू जीवित जीवहरूको साथमा थुमाको अगाडि ढोगेर उहाँको आराधना गर्दछन् भनेर उल्लेख गरिएको छ। ती थुमा मारिएका थिए र जीवित छन्। ती दुवै समूहले थुमा अत्यन्त योग्य भएको भनेर उहाँको प्रशंसा स्तुति गर्दछन् किनभने: "तिमी मारिएर तपाईंको रगतले हामीहरूलाई परमेश्वरको सामु उद्धार गर्नुभयो। तपाईंले प्रत्येक जाति, भाषा, मानिस र राष्ट्रबाट हामीलाई उद्धार गर्नुभएको छ र हामीलाई हामीहरूको परमेश्वरको निम्ति राजा र पुजारीहरू बनाउनुभएको , र हामी यस पृथ्वीमा राज गर्नेछौं" (प्रकाश ५:८-१० रूपान्तरित)।

प्रकाश ४:६-८मा चार जना जीवित जीवहरू भनेर उल्खेख गरिएको छ। ती पदहरूको साथै पुरानो करारका अरू पदहरूमा उल्लेख गरिएका चार जना जीवित जीवहरूको बारेमा गरिएको वर्णनसँग तुलना गर्नुहोस्। हेर्नुहोस्, प्रकाश ४:६-८ "६ सिंहासनको अगि स्फटिकतुल्य काँचको समुद्रजस्तो थियो। अगाडि र पछाडि जम्मै आँखै-आँखा भएका चार वटा जीवित प्राणी सिंहासनको वरिपरि र चारैपट्टि थिए। ७ पहिलो प्राणी सिंहजस्तै थियो, दोस्रो प्राणी बहरजस्तै (साँढे), तेस्रो प्राणीको अनुहार मानिसको जस्तै र चौथो प्राणी उड़िरहेको गरुडजस्तै थियो। ८ ती चारै वटा प्राणीका छ-छ वटा पखेटा थिए र चारैपट्टि र भित्रपट्टि आँखाहरूले भरिएका थिए। दिनरात तिनीहरू नथामिकन यसो भन्दै गाइरहन्छन्, "पवित्र, पवित्र, पवित्र परमप्रभु सर्वशक्तिमान् परमेश्वर, जो हुनुहुन्थ्यो र हुनुहुन्छ र जो आउनुहुनेछ।",इजकिएल १:४-१४ "४ मैले हेरें, र आँधीबेहरी उत्तरबाट आइरहेको देखें– एउटा विशाल बादल, बिजुलीको चमकसमेत, जसको वरिपरि चहकिलो उज्यालो थियो। त्यस आगोको माझ जल्दो धातुझैं देखिन्थ्यो, ५ र आगोमा चार जीवित जीवात भएजस्तो केही देखा पऱ्यो। तिनीहरूको आकृति हेर्दा एउटा मानिसको जस्तै देखिन्थ्यो, ६ तर हरेकका चार मोहड़ा र चार पखेटा थिए। ७ तिनीहरूका गोड़ा सीधा थिए, तिनीहरूका खुट्टा बाछाका खुरजस्ता थिए। ती टल्काइराखेका काँसाजस्तै टल्कन्थे। ८ तिनीहरूका पखेटामुनि चारैतिर मानिसजस्ता हातहरू थिए। ती चारै जीवातका मोहड़ा र पखेटाहरू थिए, ९ र तिनीहरूका पखेटा एउटाले अर्कोलाई छोएको थियो। कतैतिर लाग्दा हरेक नै सोझै अगाड़ि हिंड्थ्यो। तिनीहरू यताउता फर्कन्दैनथिए। १० तिनीहरूको मोहड़ा यस्ता देखिन्थेः ती चारै जीवातको एउटा मोहड़ा मानिसको झैं थियो। तिनीहरूको दाहिनेपट्टिको मोहड़ाचाहिँ सिंहको झैं, देब्रेपट्टिको मोहड़ाचाहिँ गोरुको झैं, र पछाडिपट्टिको मोहड़ाचाहिँ गरुडको झैं थियो। ११ तिनीहरूका मोहड़ा यस्तै थिए। तिनीहरूका पखेटाचाहिँ बाहिर र मास्तिर फैलिएका थिए। हरेकका दुई पखेटाले चाहिँ एउटाले अर्काको पखेटालाई छोएका थिए, र अरू दुई पखेटाले आ-आफ्नो शरीर ढाकेका थिए। १२ तिनीहरू हरेक सोझै हिंड्थे। आत्मा जता-जता गयो त्यतै तिनीहरू जान्थे। तिनीहरू यताउता नफर्की हिंड्थे। १३ ती जीवित जीवातको आकृति जलिरहेको आगोको भुङ्ग्रो वा राँकोजस्तो थियो। आगो ती जीवातहरूका बीचमा केही यतादेखि उता र उतादेखि यता गइरहेको देखिन्थ्यो। आगो चहकिलो थियो, अनि त्यसबाट बिजुली निस्कन्थ्यो। १४ ती जीवातहरू बिजुली चम्केजस्तै यतादेखि

उता र उतादेखि यता वेग हान्थे।", इजकिएल १०:२०-२२ "२० कबार नदीको किनारमा इस्राएलका परमेश्वरको मुन्तिर मैले देखेका ती जीवित जीवात यी नै थिए। तिनीहरू त करूबहरू रहेछन् भनी मैले थाहा पाएँ। २१ प्रत्येकका चार-चार वटा मोहड़ा र चार-चार वटा पखेटा थिए, र ती पखेटामुनि मानिसका हातहरूजस्तै देखिन्थे। २२ तिनीहरूका मोहड़ाको रूपचाहिँ कबार नदीको किनारमा मैले देखेका मोहड़ाको जस्तै थियो। तिनीहरू हरेक सोझै हिँड्दथे।" र यशैया ६:२,३मा सम्बोधन गरिएको सराफ स्वर्गदूतहरू "१ उज्जियाह राजा मरेको वर्षमा मैले परमप्रभुलाई अग्लो र उच्च सिंहासनमा विराजमान हुनुभएको देखें। उहाँको वस्त्रको छेउले मन्दिरै ढाकेको थियो। २ उहाँको मास्तिर सराफहरू खड़ा थिए– प्रत्येकका छ-छ वटा पखेटा थिए। दुई वटा पखेटाले तिनीहरूले आफ्नो मुख ढाकेका थिए, दुई वटाले आफ्ना खुट्टा ढाकेका थिए, र दुई वटाले तिनीहरू उड्दैथिए। ३ अनि एउटाले अर्कालाई यसो भन्दै तिनीहरू पुकार्दैथिए: "सर्वशक्तिमान् परमप्रभु, पवित्र, पवित्र, पवित्र हुनुहुन्छ, सारा पृथ्वी उहाँको महिमाले भरिपूर्ण छ।"

चार जीवित जीवहरूले उच्च स्थानमा राखिएका जीवनहरूको सङ्केत गर्दछ। तिनीहरू परमेश्वरको सेवा गर्न उहाँको प्रतिनिधित्व गर्दछन् र परमेश्वरको सिंहासनको रक्षकहरू हुन् ("१ परमप्रभुले राज्य गर्नुहुन्छ, जाति-जातिहरू कम्पायमान होऊन्।

उहाँ करूबहरूका बीचमा विराजमान हुनुहुन्छ, पृथ्वी हल्लिउठोस्" भजन ९९:१)। परमेश्वरका आदेशहरू तुरन्तै लान तयार भएको तिनीहरूमा भएको पखेटाहरूले सङ्केत गर्दछ। तिनीहरूको आँखाले तिनीहरूको बौद्धिक क्षमतालाई औंल्याउँछन्। २४ एल्डर वा धर्मगुरु र अनगिन्ति स्वर्गदूतहरूसँग (प्रकाश ५:११) तिनीहरूको उपस्थितिले परमेश्वरको सिंहासनमा स्वर्ग र पृथ्वीको प्रतिनिधित्व भएको देखाउँछ।

## ३. छाप वा मोहर लगाइएको कागजको मुट्ठा

प्रकाश ५:१-४मा यूहन्नाले लालमोहर लगाएको मुट्ठा आफ्नो दर्शनमा देखेका थिए। त्यो खोल्नै नसकिने गरेर बन्द गरिएको छालाको मुट्ठा देखेर यूहन्ना रोएका थिए। ती पदहरूको साथै यशैया २९:११,१२ पदहरू अनुसार लालमोहर लगाइएको छालाको मुट्ठाको अर्थ के हो? हेर्नुहोस्: "१ सिंहासनमा विराजमान हुनुहुनेको दाहिने बाहुलीमा भित्र र बाहिरपट्टि लेखिएको एउटा

चर्मपत्रको मुठ्ठो मैले देखें, जो सात वटा मोहोर लगाएर बन्द गरिएको थियो। २ अनि एउटा बलवान् स्वर्गदूतलाई ठूलो आवाजले यसो भनिरहेको मैले देखें, "यो मुठ्ठो खोल्न र यसका मोहोरहरू तोड्न योग्य को छ?" ३ स्वर्गमा अथवा पृथ्वीमा वा पृथ्वीमुनि यो चर्मपत्रको मुठ्ठो खोल्न वा त्यसभित्र हेर्न सक्ने कोही थिएन। ४ कोही पनि त्यो चर्मपत्रको मुठ्ठो खोल्ने अथवा त्यसभित्र हेर्ने योग्यको नपाइएको हुनाले म खूबै रोएँ। ५ तब धर्म-गुरुहरूमध्ये एक जनाले मलाई भने, "नरोऊ! हेर, यहूदाका कुलको सिंह, दाऊदको मूल यो मुठ्ठो र यी सात वटा मोहोरहरू खोल्न विजयी हुनुभएको छ।" र यशैया २९:११,१२ "११ तिमीहरूका निम्ति यो सारा दर्शन छाप लगाएर बन्द गरिएको पुस्तकका मुठ्ठा का शब्दहरू मात्र हुन्। अनि यदि तिमीहरूले पुस्तकको मुठ्ठा कुनै पढ्न सक्ने मानिसलाई यसो भनेर दियौ भने, "दया गरी, यो पढ्नुहोस्," त्यसले जवाफ दिएर भन्नेछ, "अहँ, म पढ्न सक्दिनँ, त्यो छाप लगाएको बन्द पुस्तक हो।" १२ अथवा यदि त्यो पुस्तकको मुट्ठा कुनै पढ्न नसक्ने मानिसलाई यसो भनेर दियौ भने, "दया गरी, यो पढ़िदिनुहोस्," त्यसले भन्नेछ, "मलाई त पढ्नै आउँदैन।"

त्यो छालाको मुठ्ठा पिताको सिंहासनको दाहिनेपट्टि परिरहेको थियो भनेर ग्रीक भाषमा अनुवाद गरिएको बाइबलमा लेखिएको छ। यो मुठ्ठा लिन र यसका लाहाछापहरू खोल्न योग्य (प्रकाश ५:२) व्यक्तिको पर्खाइमा त्यो थियो।

त्यो लालमोहर लगाइएको मुठ्ठामा के समावेश भएको थियो भनेर एलेन जी ह्वाइट यसरी व्यक्त गर्छिन् "त्यसमा परमेश्वरका क्रियाकलापहरू, राष्ट्रहरूको भविष्यवाणी पूरा भएको विवरण र चर्चको इतिहास समावेश भएको छ। यसमा परमेश्वरले बोलेका वचनहरू, उहाँको सार्वभौमसत्ता, उहाँका आज्ञाहरू, उहाँका व्यवस्थाहरू, अनन्त राज्यको परिषदको वृतान्त साङ्केतिक लवजहरूमा र राष्ट्रहरूमा शासन गर्ने शक्तिहरूको इतिहास समावेश भएका छन्। त्यस मुठ्ठामा साङ्केतिक वा प्रतीकको लवजहरूद्वारा लेखिएको विवरणमा पृथ्वीको इतिहास सुरूभएदेखि पृथ्वीको अन्त्यसम्म हुने प्रत्येक राष्ट्र, भाषा र मानिसहरूको प्रभाव कोरिएको छ।"- मानुस्क्रिप्ट रिलिजेज, ठेली ९, पृ. ७बाट रूपान्तरित।

छोटकरीमा भन्ने हो भने, मानिसको पापको समस्या समाधान गर्ने परमेश्वरको योजनाको रहस्य र पतित मानिसहरूको उद्धारको निम्ति उहाँले गर्नुभएको कामको विवरण त्यस छालाको मुठ्ठामा लेखिएका छन्। जब येशू

दोस्रो पल्ट आफ्नो महिमाको साथ आउनुहुनेछ तब त्यस मुठ्ठामा लेखिएका रहस्यहरूको विवरण पूर्णरूपमा पूरा हुनेछन् र स्पष्टरूपमा बुझ्न सकिनेछ (प्रकाश १०:७ "तर ती दिनहरूमा जब सातौं स्वर्गदूतले आफ्नो तुरही फुक्नै लाग्छन्, उहाँले आफ्ना दास अगमवक्ताहरूलाई घोषणा गर्नुभएझैं परमेश्वरको रहस्य पूरा हुनेछ")।

**सारा जगतमा केवल येशूमात्र त्यो लालछाप लगाएको मुठ्ठा खोल्न किन योग्यको हुनुहुन्छ? हेर्नुहोस्, प्रकाश ५:५-७ "५ तब धर्म-गुरुहरूमध्ये एक जनाले मलाई भने, "नरोऊ! हेर, यहूदाका कुलको सिंह, दाऊदको मूल यो मुट्ठो र यी सात वटा मोहोरहरू खोल्न विजयी हुनुभएको छ।" ६ तब मैले एउटा थुमा उभिरहनुभएको देखें, जो मारिएको जस्तो देखा पर्नुहुन्थ्यो। उहाँ सिंहासन र चार जीवित प्राणीहरूका बीचमा, र धर्म-गुरुहरूका माझमा हुनुहुन्थ्यो। उहाँका सात वटा सिङ र सात वटा आँखा थिए, जुनहरू सारा पृथ्वीमा पठाइएका परमेश्वरका सात आत्मा हुन्। ७ उहाँ जानुभयो, र सिंहासनमा विराजमान हुनुहुनेको दाहिने बाहुलीबाट त्यो मुट्ठो लिनुभयो।"**

जुन सङ्कट परमेश्वरको सिंहासन अगाडि देखियो त्यो परमेश्वरसँग शैतानले बिद्रोह गरेको विषयसँग सम्बधित थियो। परमेश्वरले सृष्टि गर्नुभएतापनि यो पृथ्वी ग्रह शैतानले जबरजस्ती आफ्नो कब्जामा लिएर शासन गरिरहेको छ। आदमदेखि अन्तसम्म पापको बन्दीमा रहेका मुक्तिको निम्ति रोएर आँसु बगाइरहेका परमेश्वरका जनहरूको भावनालाई यूहन्नाको रुवाइले व्यक्त गर्दछ। पापको समस्यालाई समाधान गर्ने परमेश्वरको योजनाको सङ्कल्प त्यस लालमोहर लगाइएको मुठ्ठामा लेखिएको छ। परमेश्वर आफैको महाशक्तिले त्यो मुक्तिको योजनालाई सम्पन्न गर्नुहुनेछ भन्ने कुरामा केही सन्देह छैन। तैपनि पतित मानिस जातिको उद्धारको निम्ति विशेष औजारको आवश्यक थियो, त्यो थियो येशू जो पापमाथि बिजयी हुनुभयो। त्यसको फलस्वरुप लालमोहर लगाइएको त्यस छालाको मुठ्ठा खोल्न उहाँ योग्य हुनुभयो र यस संसारको प्रभुत्व आफ्नो हातमा लिनुभयो र उहाँ स्वर्गमा रहेको पवित्र मन्दिरमा हाम्रो निम्ति पहल गर्ने हुनुभयो।

**येशूसँगको हामीहरूको अनुभवमा उहाँलाई नै हामीहरूको प्रथम र मुख्य स्थान दिन हामीले कसरी सिक्ने?**

## ४. परमेश्वरको थुमा योग्यको हुनुहुन्छ

प्रकाश ५:८-११ तथा गरेर एफिसी १:२०-२३ र हिब्रू १०:१२ पढ्नुहोस्। यस आशारहित र मनमा सान्त्वना अत्यन्त कमै दिने संसारमा ती पदहरूले हामीहरूलाई कस्तो आशा र सान्त्वना प्रदान गर्दछ? हेर्नुहोस्: प्रकाश ५:८-१४ "८ जब उहाँले त्यो मुट्ठो लिनुभयो, तब ती चारै जीवित प्राणी र चौबीसै धर्म-गुरुहरू थुमाको सामुन्ने घोप्टो परे। प्रत्येकको हातमा वीणा र धूपले भरिएका सुनका पात्रहरू थिए, जो सन्तहरूका प्रार्थना हुन्। ९ तिनीहरूले यसो भन्दै एउटा नयाँ गीत गाएः "तपाईं यो चर्मपत्रको मुट्ठो लिने र त्यसका मोहोरहरू तोड्ने योग्यका हुनुहुन्छ, तपाईं मारिनुभयो र आफ्नो रगतद्वारा तपाईंले परमेश्वरको निम्ति हरेक कुल, भाषा, मानिस र जातिबाट मानिसहरूलाई छुटकारा दिनुभयो, १० र तिनीहरूलाई राज्य र हाम्रा परमेश्वरका पूजाहारी बनाउनुभएको छ, र तिनीहरूले पृथ्वीमा राज्य गर्नेछन्।" ११ तब मैले हेरें, अनि सिंहासन, जीवित प्राणीहरू र धर्म-गुरुहरूका वरिपरि धेरै स्वर्गदूतहरूका आवाज सुनें। तिनीहरूको संख्या लाखौं र करोडौं थियो। १२ तिनीहरू चर्को सोरले यसो भनिरहेका थिए, "मारिएका थुमा सामर्थ्य, वैभव, बुद्धि, शक्ति सम्मान, महिमा, र स्तुति ग्रहण गर्ने योग्यका हुनुहुन्छ।" १३ अनि स्वर्गमा, पृथ्वीमा, पृथ्वीमुनि, समुद्र र त्यहाँ भएको हरेक प्राणीले यसो भनिरहेको मैले सुनें, "सिंहासनमा विराजमान हुनुहुनेलाई र थुमालाई स्तुति, सम्मान, महिमा, र सामर्थ्य सदासर्वदा होस्।" १४ तब ती चारै जीवित प्राणीले भने, "आमेन।" अनि ती धर्म-गुरुहरूले घोप्टो परेर दण्डवत् गरे।", एफिसी १:२०-२३ "२० जो उहाँले ख्रीष्टमा पूरा गर्नुभयो, जब उहाँले ख्रीष्टलाई मरेकाहरूबाट जीवित पार्नुभयो, अनि स्वर्गीय स्थानहरूमा आफ्नै दाहिने बाहुलीपट्टि बसाल्नुभयो। २१ सबै शासन, र अधिकार, र शक्ति र राज्यमाथि, र यस युगका मात्र होइनन्, तर आउने युगका पनि जति नाउँ छन्, ती सबैमाथि उहाँलाई राख्नुभयो, २२ र परमेश्वरले सबै कुरा उहाँका पाउमुनि राखिदिनुभयो, र मण्डलीको निम्ति उहाँलाई नै सबै कुराको शिर बनाइदिनुभयो, २३ जुन मण्डली उहाँको शरीर, उहाँको पूर्णता हो। र उहाँले नै सबै थोक परिपूर्ण पार्नुहुन्छ।" र हिब्रू १०:१२ "तर ख्रीष्टले त पापहरूका निम्ति सदाको लागि एउटै बलिदान चढ़ाउनुभयो, अनि उहाँ परमेश्वरको दाहिने बाहुलीतर्फ विराजमान हुनुभयो।"

जब मारिएर बौरी उठ्नुभएको परमेश्वरको थुमा येशू ख्रीष्ट सिंहासनतिर अघि बढ्नुहुन्छ तब उहाँले त्यो मुट्ठा आफ्नो हातमा लिनुहुन्छ।

यसको अर्थ सबै अधिकार र सार्वभौमसत्ता उहाँको हो (मत्ती २८:१८ "तब येशू तिनीहरूकहाँ (चेलाहरूकहाँ) आएर भन्नुभयो, "स्वर्ग र पृथ्वीमा समस्त अधिकार मलाई दिइएको छ।" र एफिसी १:२०-२२ "२० जो उहाँले (परमेश्वरले) ख्रीष्टमा पूरा गर्नुभयो, जब उहाँले ख्रीष्टलाई मरेकाहरूबाट जीवित पार्नुभयो, अनि स्वर्गीय स्थानहरूमा आफ्नै दाहिने बाहुलीपट्टि बसाल्नुभयो। २१ सबै शासन, र अधिकार, र शक्ति र राज्यमाथि, र यस युगका मात्र होइन, तर आउने युगका पनि जति नाउँ छन्, ती सबैमाथि उहाँलाई राख्नुभयो, २२ र परमेश्वरले सबै कुरा उहाँका पाउमुनि राखिदिनुभयो, र मण्डलीको निम्ति उहाँलाई नै सबै कुराको शिर बनाइदिनुभयो, २३ जुन मण्डली उहाँको शरीर, उहाँको पूर्णता हो। र उहाँले नै सबै थोक परिपूर्ण पार्नुहुन्छ")। त्यसबखत सारा जगतले यो स्वीकार्दछ कि येशूमात्र नै यस पृथ्वीमा शासन गर्ने अधिकार छ। आदमद्वारा जुन गुमाइएको थियो येशू ख्रीष्टद्वारा फेरि आफ्नो कब्जामा लिनुभएको थियो।

जब येशू ख्रीष्टले मुठ्ठालाई आफ्नो हातमा लिनुहुन्छ त्यसको अर्थ मानव प्राणीको सारा भविष्य उहाँको हातमा छ। प्रकाश ५:९मा बताइए जस्तै चार जीवित जीवहरू र २४ जना धर्मगुरु वा एल्डरहरू उहाँको अगाडि घुँडा टेक्छन र उहाँको आराधना गर्दछन् "त्यो मुठ्ठा लिन तपाईं योग्यको हुनुहुन्छ। यसमा लगाइएका लालमोहरहरू खोल्न तपाईंमात्र सक्नुहुन्छ किनभने तपाईं मारिनुभएको थियो" (रूपान्तरित)। उहाँलाई चढाइएको स्तुति प्रशंसा, अति सम्मान गरिएका स्वर्गदूतहरू र पापबाट मुक्ति पाएकाहरूको प्रतिनिधिहरूले मानव प्राणीको निम्ति येशूको बलिदानलाई समर्थन जनाइएको देखाउँदछ। उहाँको रगतले पतित मानव प्राणीको फिरौती तिर्नुभएको छ अर्थात् उहाँले उद्धार गर्नुभएको छ। यस संसारमा जन्मेका सबै मानिसहरूलाई मुक्तिको आशा दिनुभएको छ साथै हामीले कल्पना गर्नै नसकिने भविष्यको प्रतिज्ञा हामीलाई दिलाइएको छ।

चार जीवित जीवहरू र एल्डर वा धर्मगुरुहरू अब सिंहासन वरिपरि रहेका अनगिन्ति स्वर्गदूतहरू एक भएर मारिएको थुमाप्रति आफ्ना प्रशंसा लक्षित गर्दछन् र अहिले उहाँ "पतित मानिसहरूको निम्ति पहल गरिरहनुहुन्छ" (हिब्रू ७:२५)। सिंहासनको वरिपरि भरिएका स्वर्गदूत र धर्मगुरुहरूले एकै स्वरमा चर्को गरेर आवाज उठाउँछन् "१२ तिनीहरू चर्को स्वरले यसो भनिरहेका थिए, "मारिएका थुमा सामर्थ्य, वैभव, बुद्धि, शक्ति सम्मान, महिमा, र

स्तुति ग्रहण गर्ने योग्यका हुनुहुन्छ।” यस समय स्वर्ग र पृथ्वीका सारा सृष्टि मिलेर राजकीय प्रशंसा दुवै पिता र ख्रीष्टलाई चढाउँछन्: "१३ अनि स्वर्गमा, पृथ्वीमा, पृथ्वीमुनि, समुद्र र त्यहाँ भएको हरेक प्राणीले यसो भनिरहेको मैले सुनें, “सिंहासनमा विराजमान हुनुहुनेलाई र थुमालाई स्तुति, सम्मान, महिमा, र सामर्थ्य सदासर्वदा होस्।” अनि "१४ तब ती चारै जीवित प्राणीले भने, “आमेन।” भनेर उहाँको प्रशंसा गर्दछन्। तब ती जीवित जीवहरू र २४ धर्म-गुरुहरूले घोप्टो परेर दण्डवत् गर्दछन्।" (प्रकाश ५:१२-१४)। यसरी स्वर्गको सिंहासनको अगाडि परम आनन्दसाथ सम्मान व्यक्त गरेर त्यो दृश्यको अन्त हुन्छ।

**भौतिक शास्त्रीहरूले यो दावी गर्दछन् कि सारा जगत एक दिन जलेर नष्ट हुनेछन्, यो आफै ध्वस्त हुनेछ वा टुक्रा टुक्रा हुनेछ। विज्ञानले मानिसहरूलाई केही सकारात्मक भविष्य दिलाएको छैन। तर त्यसको ठिक विपरित परमेश्वरको वचनमा हामीलाई कस्तो खालको भविष्य प्रस्तुत गरिएको छ? हाम्रो भविष्यमा के छ सोलाई सोचेर अहिलेदेखिनै हामी कसरी रमाहट गर्न सक्छौं?**

## ५. पेन्टिकोस्टको महत्त्व

पेन्टिकोस्टको दिनमा पवित्र आत्मा यसरी खन्याइएको थियो भनेर उल्लेख गरिएको छ "१ जब पेन्तिकोसको दिन आयो, तिनीहरू सबै एकै ठाउँमा भेला भएका थिए। २ अनि स्वर्गबाट अचानक ठूलो बतासको झोक्काजस्तै एउटा आवाज आयो, र तिनीहरू बसेको पूरा घरै भरिदियो। ३ आगोका जिब्राहरूजस्ता तिनीहरूकहाँ देखा परे, र भाग-भाग भएर तिनीहरू हरेकमाथि बसे। ४ अनि तिनीहरू सबै जना पवित्र आत्माले भरिए, र पवित्र आत्माले तिनीहरूलाई दिनुभएको उच्चारणबमोजिम तिनीहरू अन्य भाषाहरूमा बोल्न लागे।" (प्रेरित २:१-४)। यसले मुक्तिको योजनाको इतिहासमा अत्यन्त निर्णायत्मक भूमिका खेलेको थियो। क्रुसमा मारिनुभएर स्वर्गमा जानुहुँदा स्वर्गको पवित्र मन्दिरमा उहाँले मुल पुजारी र राजा भएर सेवाकार्य गर्ने कामको उद्घाटन गरिएको थियो (प्रेरित १:४-८ "४ तिनीहरूसँग भोजनमा बस्नुहुँदा उहाँले तिनीहरूलाई यस्तो आदेश दिनुभयो, “तिमीहरू यरूशलेमबाट कतै नजाओ, तर पिताले गर्नुभएको प्रतिज्ञाको प्रतीक्षा गर। यसबारे तिमीहरूले मबाट सुनिसकेका छौ।” ५ किनभने यूहन्नाले त पानीले बप्तिस्मा दिए, तर

अबका थोरै दिनमा पवित्र आत्मामा तिमीहरूको बप्तिस्मा हुनेछ।" ६ यसकारण जब प्रेरितहरू भेला भए, तब तिनीहरूले उहाँलाई सोधे, "हे प्रभु, के तपाईंले इस्राएल राज्यको पुनर्स्थापन गरिदिनुहुनेछ?" ७ उहाँले तिनीहरूलाई भन्नुभयो, "पिताले आफ्नो अधिकारद्वारा तोक्नुभएको बेला वा समय जान्ने तिमीहरूको काम होइन। ८ तर पवित्र आत्मा तिमीहरूमा आउनुभएपछि तिमीहरूले शक्ति पाउनेछौ, र तिमीहरू यरूशलेममा, सारा यहूदियामा, सामरियामा र पृथ्वीको अन्तिम छेउसम्म मेरा साक्षी हुनेछौ।" र प्रेरित २:३३ "यसैकारण परमेश्वरको दाहिने बाहुलीपट्टि उहाँ उच्च पारिनुभयो, र पिताबाट पवित्र आत्माको प्रतिज्ञा पाउनुभयो, र उहाँले यो खन्याइदिनुभएको हो, जे तपाईंहरू देख्नु र सुन्नुहुन्छ")। परमेश्वर पिताको दाहिनेपट्टि बसेर येशूले मुल पुजारीको काम गर्नुभएर (प्रकाश ५:६,७) मुक्तिको योजनाको कामलाई पूर्णता दिएर वास्तविकतामा उतार्न सक्नु भएको थियो। स्वर्गको पवित्र मन्दिरमा हामीहरूको मध्यस्थता हुनुभएर हामीलाई उद्धार गर्ने काम गरिरहनुहुन्छ। उहाँद्वारा विश्वासीहरू परमप्रभु परमेश्वरको सामु निर्धक्क भएर उभिन सक्छन् र तिनीहरूको पापको क्षमा तिनीहरूले पाउन सक्छन्।

प्रभु येशू हामीहरूको पुजारी र राजा भएर स्वर्गमा रहनुभएको आत्मज्ञानको तथ्य थाहा पाएर हामीहरूले कस्तो आशा र हौसला पाउन सक्छौं? हेर्नुहोस् "३२ यिनै येशूलाई परमेश्वरले जीवित पार्नुभयो। यस कुराका हामी सबै साक्षी छौं। ३३ यसैकारण परमेश्वरको दाहिने बाहुलीपट्टि उहाँ उच्च पारिनुभयो, र पिताबाट पवित्र आत्माको प्रतिज्ञा पाउनुभयो, र उहाँले यो खन्याइदिनुभएको हो, जे तपाईंहरू देख्नु र सुन्नुहुन्छ। ३४ किनकि दाऊद त स्वर्गमा चढ़ेनन्, तर उनी आफैले भन्दछन्, 'परमप्रभुले मेरा प्रभुलाई भन्नुभयो, तिमी मेरो दाहिने हातपट्टि बस ३५ जबसम्म म तिम्रा शत्रुहरूलाई तिम्रा खुट्टाको पाउदान तुल्याउँदिनँ।' ३६ "त्यसैकारण इस्राएलको सारा परिवारले यो पक्का गरी जानोस्, कि येशू, जसलाई तपाईंहरूले क्रूसमा टाँग्नुभयो, परमेश्वरले उहाँलाई प्रभु र ख्रीष्ट बनाउनुभयो।" प्रेरित २:३२-३६ र "तर यो कुरो उहाँले पवित्र आत्माको विषयमा भन्नुभएको थियो, जुन पवित्र आत्मा उहाँमाथि विश्वास गर्नेहरूले प्राप्त गर्न लागेका थिए। किनकि पवित्र आत्मा अहिलेसम्म दिइएको थिएन, किनभने येशूको महिमा अझसम्म भएको थिएन।" यूहन्ना ७:३९।

स्वर्गको पवित्र मन्दिरमा येशूलाई शाही सम्मानसाथ उच्च स्थानमा राखिनुभएपछि यस पृथ्वीमा उहाँका चेलाहरूमा पवित्र आत्मा खन्याइएको थियो। प्रकाश ५:६मा भनिएको छ कि सारा पृथ्वीमा सातवटा आत्माहरू पठाइएको थियो। सातवटा आत्माहरूले यस संसारमा पवित्र आत्माको कामको पूर्णतालाई देखाउँछ भनेर अघि हामीले पढिसक्यौं। जब येशूलाई सिंहासनमा आशिन गराइयो तब उहाँको चर्चलाई पवित्र आत्मा पठाइएको थियो। स्वर्गको पवित्र मन्दिरमा येशू मूल पुजारी हुनुभएर सुरू गर्नुभएको काममा यस संसारमा पवित्र आत्मा पठाउनु उहाँको प्रथम काम थियो। पवित्र आत्मा पठाइनुको अर्थ यो थियो कि येशू परमेश्वर पिताको सामु देखा पर्नुभयो र मानिसको निम्ति गर्नुभएको येशूको बलिदान उहाँले ग्रहण गर्नुभयो।

"स्वर्गमा येशू उत्रिनुभएको एक सङ्केत वा चिन्ह थियो कि उहाँका चेलाहरूले उहाँले प्रतिज्ञा गर्नुभए अनुसार आशिष पाउनेछन्।...जब उहाँ स्वर्गको द्वारहरूबाट भित्र जानुभयो त्यहाँ अनगिन्ती स्वर्गदूतहरूको माझमा उहाँलाई सिंहासनमा बिराजमान गराइएको थियो। त्यो समारोह सम्पन्न हुनेबित्तिक्कै चेलाहरूको माझमा पवित्र आत्मा अत्यन्त ठूलो प्रवाहसाथ खनिएको थियो। येशू महिमित हुनुभएको थियो। परमेश्वर पितासँग सारा अनन्तमा रहेको महिमा उहाँले फेरि पाउनुभएको थियो। पेन्टिकोस्टमा पवित्र आत्मा पठाइनुको अर्थ मुक्तिदाताको काम उद्घाटन गरिएर पूरा भएको थियो भनेर स्वर्गबाट सन्देश आएको थियो। उहाँले गर्नुभएको प्रतिज्ञा अनुसार स्वर्गबाट उहाँले आफ्ना चेलाहरूलाई पवित्र आत्मा पठाउनुभएको थियो। स्वर्ग र पृथ्वीमा उहाँले पाउनुपर्ने सबै अधिकार पाउनुभएको छ र उहाँका जनहरूको निम्ति उहाँ अभिषिक्त हुनुभएको थियो भन्ने प्रमाण त्यस पवित्र आत्माको खनाइले दिइएको थियो।"-एलेन जी ह्वाइट, द आक्टस् अभ आपोस्टल्स, पृ. ३८,३९बाट रूपान्तरित।

**देहायका पदहरू पढ्नुहोस्: हिब्रू ४:१६ "यसकारण साहससँग अनुग्रहको सिंहासन नजिक जाऔं, र खाँचोको समयमा सहायता पाउनलाई कृपा र अनुग्रह प्राप्त गर्न सकौं।" र हिब्रू ८:१ "अब हामीले भन्न चाहेको कुराचाहिँ यही होः हाम्रा यस्ता प्रधान पूजाहारी हुनुहुन्छ, जो स्वर्गमा महान् परमेश्वरका सिंहासनको दाहिनेपट्टि विराजमान हुनुहुन्छ।" जगत र पृथ्वीमा सबै अधिकार येशू पुजारी र राजा भएर प्राप्त गर्नुभएको थियो भन्ने आत्मज्ञानले तपाईं कस्तो आशा र हौशला प्राप्त गर्नसक्नुहुन्छ? यो सत्य ज्ञान थाहा पाएर यस संसारमा**

**दिने भविष्यको अनिश्चितता भएतापनि तपाईंको दैनिक क्रियाकलापमा कसरी प्रभाव पार्नसक्छ?**

**उपसंहारः**

एलेन जी ह्वाइटका देहायका सामग्रीहरू पढ्नुहोस्: द डिजाएर अभ एजेज पृ. ८२९-८३५को "टु माई फादर, एण्ड योयर फादर", आक्टस अभ आपोस्टलस पृ. ४७-५६को "द गिफ्ट अभ द स्पिरिट।"

प्रकाश ४ र ५मा उल्लेख गरिएको सन्देश पृथ्वीको इतिहासको अन्तमा रहने परमेश्वरका जनहरूको निम्ति विशेष महत्त्वपूर्ण छ। जब पवित्र आत्मा पेन्टिकोस्टको समयमा आए त्योचाहिँ सारा संसारमा सुसमाचार प्रचार गर्न सुरू गरिएको कदम थियो। त्यो सुसमाचारको मूल केन्द्रविन्दु येशू हुनुहुन्थ्यो जो उहाँलाई पुजारी र राजाको उच्च स्थानमा राखेर पिताको दाहिने बाहुलीमा उचालिनुभएको थियो। सुरुका चर्चको विश्वास तथा शिक्षाको मूल विषयबस्तु नै येशूको बारेमा सत्य ज्ञान (हिब्रू ८:१) थियो जुन तिनीहरूको प्रचारको निम्ति कोशे ढुङ्गा भएको थियो (प्रेरित २:३२-३३, प्रेरित ५:३०,३१)। तिनीहरूले धेरै सतावट खपिरहेको बेलामा र कठिन परिस्थितिमा (प्रेरित ७:५५,५६, रोमी ८:३४) तिनीहरूलाई दिइने साहस र विश्वास नै येशूको बारेमा तिनीहरूले थाहा पाएको ज्ञान थियो। त्यसले गर्दा धेरै मानिसहरू तिनीहरूले येशूको बारेमा प्रचार गर्दा धेरैले ग्रहण गर्न पुगेका थिए। त्यसै समयदेखि नै परमेश्वरको राज्य आफै प्रकट भएर पवित्र आत्माको सेवाकार्यले निरन्तरता दिएको छ।

येशू ख्रीष्टद्वारामात्रै पाइने मुक्तिको समाचार नै सुसमाचार हो भनेर हामीले कहिल्यै पनि बिर्सनुहुन्न। येशूले मानिसहरूको हृदयलाई आमूल परिवर्तन गर्नुहुन्छ र परमेश्वरको भय मान्नु, उहाँको महिमा गर्नु र उहाँको आराधना गर्नु (प्रकाश १४:७) भन्ने आह्वानप्रति जवाफदेही बनाउने काम येशूको हो। येशूमात्र केवल हामीहरूको आशा हुनुहुन्छ, जो स्वर्गको पवित्र मन्दिरमा पुजारी र राजा भएर स्थापना गरिनुभएको छ। उहाँ आफ्ना जनहरूसँग हुनुहुन्छ  र युगको अन्तसम्म उहाँ तिनीहरूको साथमा हुनुहुनेछ (मत्ती २८:२०)। भविष्य उहाँको हातमा छ।

सुसमाचारको यस मूल विषयबस्तुलाई मनमा राखेरमात्रै पापमा परेकाहरू र दुःखकष्ट पाएकाहरूमा सुसमाचार प्रचार गर्दा सफलता पाइन्छ भन्ने

कुरा हामीले कहिल्यैपनि बिर्सनुहुन्न। येशू ख्रीष्टको क्रुस र यसले हामीलाई के सिकाउँछ त्यो बाहेक अरू शिक्षादीक्षाले पाउने प्राथमिकता मुक्तिको योजनाको ज्ञानको बारेमा प्रचार गर्दा कमजोर साबित भइन्छ।

**चिन्तनमनन:**

अ) एक दिन हामीहरूको त्यो समय आउनेछ जब हामी सबै जना स्वर्गमा परमेश्वरको दया, भद्रता, हामी प्रति हित चिताउने उहाँको गुणको, उहाँको शक्तिको र विशेष गरेर उहाँको अनुग्रहको खुला हृदयले प्रशंसा र स्तुति गर्ने अवसर पाइरहनेछौं। त्यो महान् दिन आउनु अघि नै अहिले नै त्यस समयको निम्ति व्यवहारमा उहाँको स्तुति गर्न के के तरिकाहरू हामीहरूले अपनाउन सक्छौं? परमेश्वरले हामीहरूको निम्ति के गर्नुभयो र के गर्नुहुनेछ त्यसप्रति आभारी भएर सारा हृदयले उहाँको स्तुति र प्रशंसा गर्दै उहाँको उपासना कसरी गर्न सक्छौं?

आ) प्रकाश ४:११ "हे हाम्रा प्रभु र परमेश्वर, तपाईं महिमा, आदर, र शक्ति ग्रहण गर्ने योग्यको हुनुहुन्छ, किनभने सबै कुरा तपाईंले नै सृष्टि गर्नुभएको हो, र तपाईंकै इच्छाबमोजिम ती अस्तित्वमा आए, र तिनको सृष्टि भयो।" र प्रकाश ५:९ "तिनीहरूले यसो भन्दै एउटा नयाँ गीत गाए: "तपाईं यो चर्मपत्रको मुट्ठो लिने र त्यसका मोहोरहरू तोड्ने योग्यका हुनुहुन्छ, तपाईं मारिनुभयो र आफ्नो रगतद्वारा तपाईंले परमेश्वरको निम्ति हरेक कुल, भाषा, मानिस र जातिबाट मानिसहरूलाई छुटकारा दिनुभयो।" उपर्युक्त पदहरूले परमेश्वर पिता र परमेश्वर पुत्रको भूमिका के भइरहेको हामी देख्न सक्छौं? ती दुवैको भूमिकाले गर्दा मुक्तिको योजनामात्र होइन परमेश्वर हामीहरूको आराधनाको योग्य केन्द्रविन्दु किन हुन जानुभएको छ? साबथ र यसले के सिकाउँछ त्यसले परमेश्वरको अचम्मको ती दुई सत्य आत्मज्ञानहरूलाई कसरी व्यक्त गर्दछन्?

कथा ४

## साबथ पालन गर्ने चर्चलाई भेट्टाउने प्रयास

## इभाल्डो डा कन्सिकाओ नाजेर, २३, मोजाम्बिक

हाइस्कूलमा पढिरहेको इभाल्डो रोमन क्याथोलिक चर्चको पादरी वा फादर बन्ने लक्ष्यमा लागिरहेको थियो। उसको प्रत्येक क्रियाकलाप वा आनिबानीले आफू भविष्यको पादरी हुँ भनेर देखाइरहेको थियो। मोजाम्बिक देशमा रहेको नाम्पुलाको क्याथोलिक चर्चमा उसले बढो मेहनतसाथ त्यस चर्चको क्याटिकिजम वा चर्चको शिक्षादीक्षा अध्ययन गरिरहेको थियो। नाम्पुला मोजाम्बिक देशको तेस्रो ठूलो महानगर हो जहाँ पचास लाख मानिसहरू बसोबास गर्दछन्। इभाल्डो आफ्नो घरको नजिकमा रहेको चर्चमा चर्चले सिकाएको धर्मदर्शन वा धार्मिक विद्याहरूको बारेमा गहन अध्ययन गरिसकेपछि मोजाम्बिकको राजधानी मापुटोमा जाने तरखरमा थियो। मोपुटोमा फादर वा पादरी हुन चाहनेहरूको निम्ति क्याथोलिक चर्चको तालिम स्कूल छ।

तब बाइबल अध्ययन गर्ने क्रममा उसले एक दिन दश आज्ञाहरूको बारेमा पढ्यो। आफ्नो चर्चले सिकाएको क्याटोकिजम वा धार्मिक विद्यामा दश आज्ञाको औचित्य देखाइएको थिएन वा चर्चले दश आज्ञाको बारेमा कहिल्यै पनि सिकाएको थिएन। उसले चर्चले सिकाएको धार्मिक विद्या र बाइबललाई तुलना गर्न थाल्यो। एक आइतबार उसले चर्चका विश्वासीहरूलाई दश आज्ञाहरूको बारेमा सिकाउने निर्णय गऱ्यो। तर त्यो निर्णय उक्त चर्चको फादर वा पादरीले मनपराएन। तर उसले त्यस पादरीलाई भन्यो, "हेर्नुहोस्, बाइबलले सिकाएका कुराहरू र हामीहरूले सिकिरहेका विद्याहरू फरक छन्। ती किन फरक छन् र दश आज्ञाहरूको बारेमा सिकाउँदा हामीलाई केही आपत्ती हुन्छ र? यो त बाइबलमै छ। मलाई भन्नुहोस्।" उसको यो कुरा सुनेर पादरीले केही भन्नै सकेनन्। उनीसँग जवाफ थिएन।

तब इभाल्डोले आफूले पढिरहेको हाइस्कूलमा आफू जस्तै मन भएका विद्यार्थी साथीहरू जम्मा गऱ्यो। ती साथीहरू एक एक गरेर जम्मा हुँदा तिस जना जति भए। तिनीहरूले आफ्नो चर्चले सिकाएका विद्याहरू र बाइबलको बीचमा के के भिन्नता छ भनेर तुलना गर्दै अध्ययन गर्न थाले। रोमन क्याथोलिक चर्चको शिक्षादीक्षालाई ती विद्यार्थीहरूले केलाएर पढ्न थाले। जब ती विद्यार्थीहरू रहेको सहरको मूल पादरी बिशपले यो कुरा थाहा पाए तब

उनी सशङ्कित भए। एक दिन ती विद्यार्थीहरूलाई बोलाएर उनले भने, “बाबुहरू हो तिमीहरूले जे गरिरहेका छौ त्यो त पाप हो। हाम्रो अगाडि तिमीहरूको पाप स्वीकार गर नत्र भने तिमीहरू सबैलाई चर्चबाट निकालिदिनेछौं।"

“बाइबल अनुसार हाम्रो पाप त येशूसँगमात्र स्वीकार गर्नुपर्छ भनिएको छ" ती विद्यार्थीहरूले नडराइकन जवाफ दिए। यो सुनेर बिशप ज्यादै रिसाए र तिनीहरूलाई चर्चबाटै निकाली दिए।

सुरुका इसाईहरूले हप्ताको सातौं दिन साबथमा परमेश्वरको आराधना गर्दथे भनेर तिनीहरूले पढेका थिए। नम्पुला सहरमा तिनीहरूले कुनै चर्च पनि देखेनन् जसले साबथमा परमेश्वरको आराधना गरेको होस् । ती विद्यार्थीहरू के गर्ने भनेर छलफल गर्न थाले। आफूहरूलाई चर्चबाट निकालिएकोमा तिनीहरू संतुष्ट थिएनन्। तिनीहरूले आफ्नो विवेकलाई दवाएर चर्चमा भित्रिन पनि चाहेनन्। त्यसले गर्दा तिनीहरूमा फुट पनि भयो। कोही विधार्थीहरू आइतबार मान्ने चर्चमा जान थाले भने कोही त आफ्नो धर्म वा आस्था परिवर्तन गरि मुसलमान पनि भए। इभाल्डोका बाबुआमाहरू रोमन क्याथोलिक चर्चको आदरणीय सदस्यहरू भएकोले तिनीहरूको अनुरोधमा इभाल्डोलाई फेरि चर्चमा भित्र्याइयो तर उसलाई पादरी बन्नको लागि पढ्न अनुमति भने दिइएन।

एक दिन आइतबार इभाल्डोले साबथको बारे चर्चा गर्दै थियो तब त्यसबेला एक जना महिलाले भनिन्, “बाबु, के तिमीलाई यो थाहा छ कि हाम्रो सहर नम्पुलामा एउटा चर्च छ जसले केवल शनिबारमात्रै साबथ भनेर आराधना गर्दछ?"

इभाल्डोले अत्यन्त खुशी भएर आफ्ना सबै तिसजना साथीहरूलाई बोलाएर साबथ पालन गर्ने चर्चको बारेमा थाहा पाएको कुरो बडो खुशीभएर सुनायो। तर तिनीहरूमा धेरै जसोले त्यसको बारेमा चासो देखाएनन्। अर्को साबथ केवल इभाल्डो र उसका तिन जना साथीहरूमात्रै सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा गए।

सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा जान थालेको पाँच महिनापछि इभाल्डोले बप्तिस्मा लियो। आफ्ना बाबुआमालाई आफ्नो निर्णयको बारेमा उसले सुनायो। “मलाई थाहा छ तिमी सेभेन्थ-डे एडभेन्टिस्ट हुनेछौं भनेर किनभने तिमी त्यस चर्चमा गएदेखि तिम्रो आनिबानी धेरै फरक भएको मैले महसुस

गरेको छु। तिमीले जहिले पनि बाइबलको बारेमा सधैं चर्चा गर्न सुरु गरेको हामीलाई थाहा छ" आमाले नहिच्किच्याइ आफ्नो छोरोलाई सुनाइन्।

तब इभाल्डोको बाबु भने ऊसँग आगो भए र भने "यदि तँ अर्को शनिबार एडभेन्टिस्ट चर्चमा गइस् भने तेरो लुगाफाटा र तँलाई समेत घरबाट निकाली दिन्छु।"

अर्को साबथ इभाल्डो एडभेन्टिस्ट चर्चमै गयो। उसको बुबाले उसलाई घरबाट निस्केर जान हुकुम दिए। तर आमाले तातिएको पतिलाई साम्य पार्दै आफ्नो छोरोलाई घरबाट ननिकाल्न अनुरोध गरिन्।

"हुन्छ त, तँ घरमै बसेपनि तेरो लागि म एक पैसा पनि खर्च गर्दिन। तेरो हाइस्कुलको पैसा पनि म तिरि दिन्न। तँलाई गाड्ने बाकसकोमात्र पैसा दिन्छु" रिसले चुरमुरिन्दै बाबुले थर्काए।

इभाल्डोले आफ्नी आमाबाट खानेकुरा पायो र चर्चका सबै सदस्यहरू मिलेर उसको स्कूल र चाहिने पैसा तिरी दिए।

बाबुको कुरा नसुनेतापनि इभाल्डोको व्यवहार असलै भएको र उसको उन्नति भइरहेको भएपनि उनको रिसको सिमा बढ्दै गयो । उसलाई सताउन उनले छरछिमेकीहरूलाई उसको बारेमा झुठो कुराहरू फैलाउन थाले। आफ्नो छोरोलाई एचआइभी र अन्य संक्रमित रोगले सताइरहेको छ भनेर छिमेकीहरूलाई सुनाउन थाले।

"मसँग रिस गरिरहेकोले मेरो चरित्र हत्या गर्ने मेरो बुबाको नियतले गर्दा छरछिमेकीहरू मसँग बोल्न पनि छोडे र आफ्ना छोराछोरीहरूलाई मलाई नछुन भनि तिनीहरूले अऱ्हाउन थाले" अत्यन्तै दुःखित भएर यस लेखकलाई इभाल्डोले सुनायो।

बाबुको रिस र छिमेकीहरूको छिःछिः दुरदुरले गर्दा इभाल्डो आफ्नो घरमा बस्न सकेन। उसको आमाले उसलाई उसको हजुरआमाको घरमा बस्न पठाइन्। तब एक वर्षपछि आफूले क्षमा दिएको भन्दै घर फर्कन बुबाले सन्देश पठाए। इभाल्डो घरमा आएपछि बुबा र छोरोको रमाइलोसँग पुनर्मिलन भयो। बाबुले उसलाई विश्वविद्यालयमा पढ्ने चाँजोपाँजो मिलाइदिए तर साबथमा पनि क्लासहरूभएकोले पढन् जान मानेनन्। बुबाले सराकारी जागिर खान कुरा मिलाए। त्यो जागिरको निम्ति अन्तरवार्ता शनिबार परेकोले उसले सरकारी जागिर पनि खान पाएन।

तब इभाल्डो स्वतन्त्र पत्रकारको रूपमा काम गर्न थाल्यो र त्यसबाट आम्दानी भएको पैसाले पत्रकार बनाउने स्कूलमा पढ्न गयो। उसले धेरै रेडियो र टेलिभिजनमा काम गर्न थाल्यो तर कसैले पनि उसलाई स्थायी जागिर दिएनन् किनभने उसले शनिबार काम गर्न अस्वीकार गरेको थियो।

"गत हप्तामात्र एक ठाउँमा मेरो काम झण्डै मिलेको थियो तर साबथले गर्दा मैले काम गर्न पाइन" उसले (इभाल्डोले) सुनायो।

तर अहिले २३ वर्षको इभाल्डो हतास मनि निराश भएको छैन। उसको प्रभावले गर्दा १० जना युवाहरू एडभेन्टिस्ट भए। उसका तिन जना भाइहरू पनि चर्चमा जान थालेका छन्। उसकी आमा पनि एडभेन्टिस्ट चर्चमा जान चाहन्छिन् तर बुबाले उनलाई पारपाचुके गरिदिन्छु भनेर धम्की दिएकोले आमा चर्च जान सकेकी छैनन्।

"मेरी आमाको निम्ति म प्रार्थना गर्दैछु। कमसेकम परिवारका अरू सदस्यहरूलाई चर्चमा जान दिऊन् भनेर मेरो बुबाको निम्ति म प्रार्थना गर्दैछु" इभाल्डेले आफ्नो भावना व्यक्त गर्दछ।

यस त्रैमासिक भेटिको उब्रिएको भाग इभाल्डो रहेको नाम्पुला सहरमा यौन रोगको कारण बाबुआमा गुमाए छोराछोरीहरूको निम्ति अनाथालय खोल्न सहयोग गरिनेछ।

-लेखक आन्द्रयु मेकचेस्